# गौमुखी गाँउपालिका

## सरकारी सेवा तयारी कक्षा संचालन कार्यविधी २०७५

गौमुखी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
पुजा प्यूठान
५ नं. प्रदेश नेपाल

**प्रस्तावना :-**

गौमुखी गाँउपालिका क्षेत्रभित्रका एस.एल.सी वा सो भन्दा माथिको शैक्षिक योग्यता पुगेका १८ देखि ३५ वर्ष उमेर समूहका युवायुवतीहरुलाई सरकारी सेवा प्रवेशको लागि अभिमुखीकरण एवं प्रोत्साहन गर्नका लागि गौमुखी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालयले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :- १. यस कार्यविधिको नाम 'सरकारी सेवा तयारी कक्षा संचालन कार्यविधि-२०७५' रहेको छ ।

२.यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गौमुखी गाँउपालिका क्षेत्र भन्नाले गौमुखी गाँउपालिका स्थित १ देखि ७ वडामा अवस्थित स्थानहरु सम्भनुपर्छ ।

ख) लक्षित वर्ग भन्नाले महिला, दलित,अपाङ्ग, जनजाति, आदिवासी जनजाति, मुस्लिम,थारु,अल्पसंख्यक, मधेशी, पिछडिएको क्षेत्र आदि सम्भनुपर्छ ।

ग) सरकारी सेवा भन्नाले लोक सेवा आयोग, शिक्षक सेवा आयोग,सार्वजनिक संस्थानहरु, नेपाल प्रहरी सेवा, स्वदेशी एवं विदेशी सैनिक सेवा,शसस्त्र प्रहरी सेवा लगायतका संस्थाहरु वा लोक सेवाआयोगहरुबाट छनौट भई प्रवेश गरिएको सेवा सम्भनुपर्छ ।

## परिच्छेद-२

## उदेश्य र मापदण्ड

३. उदेश्य यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहनेछन्

क) यस गौमुखी गाँउपालिका क्षेत्र भित्रका १८-३० वर्ष उमेर समूहका इच्छुक युवाहरु र १८-३५ वर्ष उमेर समूहका इच्छुक युवतीहरुका लागि सरकारी सेवा प्रवेशको लागि मार्गदर्शन उपलब्ध गराउने ।

४. कक्षा संचालन मापदण्ड देहाय बमोजिम हुनेछन्

क) सरकारी सेवामा आवेदन माग भइ आएका सरकारी सेवाका परीक्षाका लागि नियमित रुपमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

## परिच्छेद-३

## कार्यक्रमको ढाँचा

कक्षा संचालन ढाँचा देहाय बमोजिम हुनेछ ।

क) आवेदन माग भई आएका सरकारी सेवाका परीक्षाहरुको लागि नियमित रुपमा बढीमा १५ दिनको अभिमुखीकरण कार्यक्रम संचालन गर्ने

ख) कार्यक्रम संचालन गर्ने क्रममा विशेषज्ञ सेवा आवश्यक परेमा बाहिरबाट सेवा खरिद गर्न सकिनेछ,

ग) कार्यक्रमका सहभागीहरुलाई आवेदन फारम खर्च एवं समावेशी तर्फका आवेदकहरुलाई परीक्षामा सहभागी हुनका लागी आवश्यक यातायात खर्च वापत एकमुस्ट रु३०००।- ( अक्षरुपी तीन हजार मात्र) उपलव्ध गराउने ।

घ) कार्यक्रममा सहभागीहरुलाई बढीमा रु ५०।- वराबरको खाजा खर्च उपलव्ध गराइनेछ ।

## परिच्छेद-४

## अभिलेख सम्बन्धि व्यवस्था

क) एक पटक कक्षा लिइसकेका सहभागीहरुको अभिलेख गौमुखी गाँउपालिकाको कार्यालयमा राख्नुपर्नेछ ।

ख) एकपटक यो सेवा लिएको सहभागीले बढीमा तीन पटक सम्म पुनः सेवा प्राप्त गर्न सक्नेछन् ।

## परिच्छेद-५

## विविध

कार्यक्रम संचालनको मापदण्ड सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रमका सहभागीहरुले अधिकतम रु ५०००।-( अक्षरुपी पाँच हजार मात्र) बराबरको पाठ्यपुस्तक र स्टेस्नरी खर्च एवं दैनिक रु १००।- बराबरको दैनिक खाजा खर्च उपलव्ध गराउन सकिनेछ ।

ख) कार्यक्रम अवधिमा अभिमुखीकरण गरेवापत स्थानीय सहजकर्तालाई प्रति कक्षा रु १५००।- र वाह्य सहजकर्तालाई प्रति कक्षा रु २०००।- एवं यातायात खर्च उपलव्ध गराउन सकिनेछ ।